# कोभिड -१९ (COVID-19) खोप वास्तविकता बिरुद्ध हल्लाहरु

कोभिड -१९ (COVID-19) महामारी न्यूयोर्क शहरमा धेरै व्यक्तिहरुका लागि गम्भीर बिरामी को कारण बनेको छ। न्यूयोर्कमा भाइरस बाट ६००,०००  भन्दा बढी संक्रमित र २६, ०००  भन्दा बढीको मृत्यु भइसकेको छ। तिनीहरू मध्ये केही तपाई जस्ता मानिस हुन्।

अब जब कोभिड -१९ (COVID-19)  खोप सबैलाई निःशुल्क प्रदान गरिएको छ, सेन्ट जोन्स युनिभर्सिटी यो सुनिश्चित गर्न चाहन्छ कि तपाईले सही सूचना पाउनुहोस् ताकि तपाई खोप लिनको लागि उचित निर्णय लिनसक्नुहोस। तल, कोभिड -१९ (COVID-19) खोपको बारेमा हल्लाहरुलाई सम्बोधन गर्ने केहि वास्तविकताहरू छन्।

हल्ला: त्यहाँ नयाँ कोभिड -१९ (COVID-19) भेरियन्टहरू छन्, त्यसैले म अब कोभिड -१९ (COVID-19)  खोप लिनु पर्छ भन्ने बारे निश्चित छैन।

वास्तविकता:  यद्यपि,  नयाँ कोभिड -१९ (COVID-19) भेरियन्टहरू छन्, जे भए पनि यो  कोभिड -१९ (COVID-19) खोप लिन सल्लाह दिइन्छ किनकि यसले तपाईलाई गम्भीर बिमारी वा मृत्यु हुनबाट बचाउन सक्छ।

हल्ला: कोभिड -१९ (COVID-19) को खोप लगाए भने कोभिड -१९ (COVID-19) को  परीक्षण गर्दा मलाई  सकारात्मक परिणाम दिन्छ।

वास्तविकता: एकचोटि तपाईले कोभिड -१९ (COVID-19)  खोप लिनुभयो भने, केहि एन्टिबडी परीक्षण गर्दा तपाइलाई सकारात्मक देखिन सक्छ जसले तपाईको शरीरमा भाइरस बिरूद्ध सुरक्षाको स्तरको रूपमा काम गर्दछ।

हल्ला: मैले  कोभिड -१९ (COVID-19)  खोप लगाइसके पछि मास्क पनि  लगाउन पर्दैन र सामाजिक दुरी पनि कायम गर्नु पर्दैन।

वास्तविकता: कोभिड -१९ (COVID-19)  खोपले तपाइलाई बिरामी हुन बाट र मृत्यु हुन बाट बचाऊछ। तपाईले खोप नलगाएका अरूलाई पनि संक्रमित गर्न सक्ने  सम्भावना अझै  प्रबल हुनसक्छ।  त्यसैले सार्वजनिक स्वास्थ्य दिशानिर्देशहरूको पालन गर्न जारी राख्नु धेरै महत्त्वपूर्ण छ।

हल्ला: मलाई दीर्घकालीन रोग (जस्तै मधुमेह, उच्च रक्तचाप, दम, वा एचआईभी)  छ।  कोभिड -१९ (COVID-19) खोपले मेरो प्रतिरक्षा प्रणालीमा नकरात्मक असर पार्नेछ।

वास्तविकता:  दीर्घकालीन रोग भएका मानिसहरु  कोभिड -१९ (COVID-19) बाट गम्भीर रुपमा खतरा वा मृत्युको लागि बढी जोखिममा छन् र त्यसैले अरूलाई भन्दा यो खोपको आवश्यकत उनीहरुलाई पर्दछ। कोभिड -१९ (COVID-19)  खोपले तपाईको प्रतिरक्षा प्रणाली बढाउन मद्दत गर्दछ र तपाईलाई रोग लाग्नबाट जोगाउँदछ।

हल्ला: मलाई  पहिले नै  कोभिड -१९ (COVID-19) थियो त्यसैले मलाई कोभिड -१९ खोपको आवश्यकता छैन।

वास्तविकता:  संक्रमण पछि प्रतिरक्षा प्रणालीको बृधि  धेरै लामो समय सम्म नहुन सक्छ। प्राकृतिक प्रतिरोधात्मक क्षमता राम्रोसँग बुझ्नको लागि अझै थप अध्ययनहरूको आवश्यकता छ।

हल्ला: मानिसहरु जसले  कोभिड -१९ (COVID-19) खोप लगाएका छन्, प्रायलाई असर भएको छ।

वास्तविकता: यसबाट पर्ने असरहरु खोप लिने व्यक्तिहरूमा सामान्य छन्। यसले तपाईको शरीरको प्रतिरक्षा प्रणाली र संक्रमणहरूको विरूद्ध लड्न काम गरिरहेको देखाउँदछ।

हल्ला: कोभिड -१९ (COVID-19) खोपले मलाई बच्चा जन्माउनबाट रोक्दछ।

वास्तविकता: कोभिड -१९ (COVID-19) खोपहरूले गर्भवती हुने खतरा हुने छैन। वैज्ञानिकहरू अक्सर यो सुरक्षित रहेको सुनिश्चित गर्न परीक्षणहरू गरिरहेका छन्।

हल्ला: कोभिड -१९ (COVID-19) खोप स्तनपान गराई रहेकी महिला र शिशुहरूको लागि जोखिमपूर्ण छ।

वास्तविकता: कोभिड -१९ (COVID-19) खोपलाई स्तनपान गरिरहेको शिशुका लागि जोखिमको रूपमा लिइदैन। वास्तवमा, आमाको दूधमा प्रतिरोधात्मक शक्ति हुने विश्वास गरिन्छ, जुन बच्चाको लागि फाइदा हुन सक्छ। वैज्ञानिकहरूले कोभिड -१९ (COVID-19) खोपहरूको सुरक्षाको सुनिश्चितताका लागि अध्ययन गर्ने क्रम निरन्तर राख्रेछन ।

हल्ला: कोभिड -१९ (COVID-19) खोपमा अण्डा, सुंगुर र गाईको मासु मिसाएको हुन्छ त्यसैले मलाई लाग्दैन मैले यो लगाउनु पर्छ।

वास्तविकता: अण्डा, संरक्षक, सुंगुर र गाइको मासु कुनै पनि कोभिड -१९ (COVID-19) खोपहरूको विकास वा उत्पादन गर्न प्रयोग हुँदैन।

हल्ला: कोभिड -१९ (COVID-19) खोप सुरक्षित छैन किनभने यो एकदम चाँडो बनाईएको थियो।

वास्तविकता: सार्वजनिक स्वास्थ्य महामारीको गम्भीरतामा आपतकालिन प्रतिक्रियाको आवश्यकता पर्दछ, तर कम्पनीहरूले अझै कडा सुरक्षा प्रोटोकोल पारित गर्नु पर्‍यो जसले कोभिड -१९ (COVID-19) खोपहरूलाई सार्वजनिक रुपमा प्रयोगका लागि अनुमोदन गर्न अनुमति मिलोस।

हल्ला: कोभिड -१९ (COVID-19) खोपका कारण गम्भीर एलर्जी हुन्छ।

वास्तविकता: धेरै व्यक्तिहरू जसले कोभिड -१९ (COVID-19) खोप लगाउछन तिनीहरूलाई हल्का लक्षणहरू देखिने गर्दछन् (जस्तै: हात दुख्ने, थकान, टाउको दुख्ने र चिसो) धेरै चोटी लगाउदा सामान्य हो। यद्यपि, विगतमा कुनै पनि खोपप्रति गम्भीर एलर्जीको समस्या भएका व्यक्तिहरूले कोभिड -१९ (COVID-19) खोप लिनु अघि डाक्टरसँग परामर्स लिनु पर्छ।

हल्ला: म एक आप्रवासी हुँ मलाई थाहा छैन म कोभिड -१९ (COVID-19) खोप लिन सक्छु कि सक्दैन।

वास्तविकता: कोभिड -१९ (COVID-19) खोप सबैको लागि उपलब्ध छ तपाईको आप्रवासी स्थितिले यसमा केहि फरक पर्दैन।

हल्ला: म प्रत्येक वर्ष फ्लू शट लिने गर्दैन, त्यसैले मलाई कोभिड -१९ (COVID-19) खोपको आवश्यकता छैन।

वास्तविकता: कोभिड -१९ (COVID-19) खोप तपाईको शरीरको रक्षा गर्न विकसित गरिएको हो यदि तपाई कोरोना भाइरसको सम्पर्कमा पर्नुभयो भने। यसले तपाईलाई भाइरसको कारण गम्भीर संक्रमण वा मृत्यु हुन बाट रोक्न मद्दत गर्दछ।

हल्ला: कोभिड -१९ (COVID-19)  खोप हाम्रा जनतालाई “सफाया गर्ने” सरकारी योजनाको रूपमा बनाएको हो।

वास्तविकता:: कोभिड -१९ (COVID-19)  खोप व्यक्ति वा जातिको एक विशेष समूहलाई “सफाया गर्ने” योजनाको रूपमा बनाएको होईन। यो भाइरसबाट मानिसहरूलाई बचाउनको लागि बनाएको  गरिएको हो। वास्तवमा, धेरै विभिन्न जातिका व्यक्तिहरू (जस्तै कालाहरू, ल्याटिनोहरू, एशियालीहरू र गोरेहरू) ले खोप लिइरहेका छन्।

हल्ला:कोभिड -१९ (COVID-19)  खोप लिनाले मेरो डीएनए लाई परिवर्तन गर्नेछ।

वास्तविकता: तपाईको डीएनए तपाईको शरीरको कोशिकाको केन्द्रकमा हुन्छ। कोभिड -१९ (COVID-19) खोपमा  एमआरएनए  (प्रोटिन) को मात्रा हुन्छ, तर यसले कहिल्यै केन्द्रकभित्र प्रवेश गर्दैन, त्यसैले यसले तपाईको डीएनए लाई असर गर्दैन।

हल्ला: कोभिड -१९ (COVID-19) खोप लगाए पछि मलाई अनुहारको पक्षाघात हुनेछ।

वास्तविकता: कोभिड -१९ (COVID-19) खोप लगाए पछि अनुहारको पक्षाघातको बढी हुने जोखिमको कुनै प्रमाण छैन।

हल्ला: कोभिड -१९ (COVID-19)  खोप गर्भपात भ्रुणहरूको प्रयोग गरी बनाइएको हो जुन मेरो धार्मिक विश्वासको बिरूद्ध छ।

वास्तविकता: फाइजर र मोडेरना द्वारा उत्पादित कोभिड -१९ (COVID-19) खोपहरूलाई खोप बनाउन कुनै पनि भ्रुण कोशिकाहरुको मिश्रणको आवश्यकता पर्दैन।

हल्ला: मलाई चिन्ता लाग्छ  कोभिड -१९ (COVID-19) खोपले मेरो सहवास क्षमतामा असर गर्नेछ।

वास्तविकता: कोभिड -१९ (COVID-19) खोपको उद्देश्य संक्रमण, गम्भीर बिमारी र मृत्युलाई रोक्नु हो। यो  तपाइँको सहवास क्षमतालाई प्रभावित गर्ने रुपमा परिचित छैन ।

**खोपका लागि अपोइन्टमेन्ट बनाउन फोन गर्नुहोस्:**
**१-८००-एनवाईसी-भीए एक्स एक्स**
**अधिक जानकारी र श्रोतहरूको लागि हाम्रो वेबसाइट हेर्नुहोस्:**
**www.COVID-VACCINE-FACTS.**
**तपाईलाई राम्रो सेवा दिन हामी तपाईलाई यो साइटको मूल्याङ्कन  पूरा गर्न अनुरोध गर्दछौं:**

**www.XYZ.com**